STUDY JAPAN
६ महिना tuition fees & Hostel
गरि रू.492960।- मात्रमा प्रोशेस गर्न सकिने
Intake: October/Jan
❖Free NAT/JLPT classes ❖Pay after visa
❖100% Part Time Job support ❖Full support in Japan
❖+12 & above can apply ❖Scholarship available
❖Translation & Documentation ❖NAT/JLPT not required
❖School & Location of your Choice
❖NAT/JLPT classes are running by language expert
Hurry up limited seat only
NADESHIKO Japanese Language Institute
Ranipauwa, barrack gate
(Karmacharya Hardware मुनी)
977-61-522668, 533421,9805877868

राष्ट्रिय दैनिक
गोल्डेन न्यूज
Golden News National Daily
○वर्ष ५ ○अंक २८६ ○श्रेणी 'क' ○२०७१ साउन १२ गते सोमबार ○ 28 July, 2014 ○पृष्ठ ४ ○मूल्य रू. ३/-

Study in EUROPE (Cultural study)
DENMARK
. Schengen Visa Min. cost . NO IELTS/TOEFL
. SLC/+2 can apply . Easy processing
Study in JAPAN
निःशुल्क भाषा निःशुल्क प्रोसेसिङ
IELTS/TOEFL
CAE class for Alternate of IELTS
JAPANESE LANGUAGE
अंग्रेजी भाषा
PLATFORM
INT'L EDUCATION
Prithivi Chowk, Pokhara
Ph: 061-541104

नेपाल–भारत सम्बन्धमा नयाँ अध्यायको थालनी

प्रधानमन्त्री मोदीको भ्रमणका आधार तयार

✍गोल्डेन न्यूज संवाददाता
पोखरा ११ साउन ।

शताब्दौंदेखि पुरानो नेपाल र भारतबीचको बहुआयामिक सम्बन्धमा नयाँ अध्यायको थालनी भएको छ । भारतीय विदेशमन्त्री सुष्मा स्वराजको औपचारिक भ्रमणको समाप्तिसँगै त्यसले नवीन रूप लिएको हो । उनको यो भ्रमणले प्रधानमन्त्री नरेन्द्र मोदीको नेपाल आगमनका लागि ठोस आधार तयार गरेको छ । तेह्रौं वर्षपछि नेपाल-भारत संयुक्त आयोगको तेस्रो बैठक हुनु र त्यसक्रममा लामो समयदेखि थाँती रहेका असमान सन्धि सम्झौता तथा सन् १९५० को शान्ति तथा मैत्री सन्धिसमेत पुनरवलोकन गर्ने प्रतिबद्धताका साथ भएको द्विपक्षीय सहमतिले आपसी सम्बन्धलाई अझ प्रगाढ बनाउँदै नयाँ आयाम दिएको छ ।

भारतमा नयाँ सरकार गठन भएको दुई महिना नबित्दै आयोगलाई पुनर्जीवन दिएर वार्ताको टेबुलमा बस्ने तत्परता देखाउनुलाई छिमेकीप्रति वर्तमान भारत सरकारको विदेश नीति नयाँ शिराबाट सुर भएको स्पष्ट देख्न सकिन्छ । भारतीय विदेश मन्त्रालयका प्रवक्ताले हिजो पत्रकार सम्मेलन गरेर नेपाल भारतको उच्च प्राथमिकतामा रहेको बारम्बार उल्लेख मात्र गरिनन् भारतीय जनता पार्टीको सरकार नेपालको सामाजिक एवम् आर्थिक विकासमा जस्तोसुकै सहयोग गर्न तयार रहेको बताइन । यसबाट वास्तवमै भारत नेपालमा समृद्धि, शान्ति र स्थायित्व चाहन्छ भन्ने स्पष्ट हुन्छ ।

स्वदेश फर्कनुअघि विदेशमन्त्री स्वराजले आफ्नो भ्रमण आफूले सोचेभन्दा धेरै फलदायी एवम् उपलब्धिमूलक भएको अभिव्यक्ति सार्वजनिक गर्दै आयोगले २६ विषयमा गरेको सहमतिबाट नेपाल-भारत सहकार्यको मार्ग चित्र कोरिएको मात्र नभइ नेपालको विकास प्रयासमा त्यसले ठूलो योगदान गर्ने र भारतीय सहयोग, सद्भाव एवम् समर्थन अविरम गतिमा अघि बढ्ने प्रतिबद्धतासमेत नेपालीलाई हौस्याएको छ ।

शान्ति तथा मैत्री सन्धिलाई नेपाली जनताको चाहनाबमोजिम वर्तमानको आवश्यकतासनुरूप हुनेगरी समयानुकूल परिमार्जन गर्न भारत राजी हुनु र त्यस निम्ति सिफारिस गर्न विदेश सचिवस्तरीय विज्ञ समूह बनाउने निर्णय गर्नु स्वागतयोग्य कदम हुन गएको छ । सडक, रेल तथा पुलपुलेसा जस्ता पर्याप्त भौतिक पूर्वाधारको अभावमा अपेक्षित विकास गर्न नसकेको नेपाललाई हृदय खोलेर सघाउने भारत सरकारको प्रतिबद्धतालाई नेपाल र नेपालीलाई उत्साहित बनाएको छ ।

भारतसँगको व्यापार घाटा कम गर्ने महत्वपूर्ण माध्यम जलविद्युत् उत्पादन भएकाले नेपालको अपार जलस्रोत विद्युत् उत्पादनमा उपयोग हुनुपर्ने र दुवै देशलाई फाइदा हुने गरी सम्झौता गर्दा त्यसले अन्ततः नेपाल र नेपालीकै हित गर्ने भएकाले आर्थिक विकासको मेरुदण्ड मानिएको विद्युत विकासमा सघाउने अभिव्यक्ति भारत सरकारबाट आउनुलाई अन्यथा मान्नु असान्दर्भिक हुनेछ ।

भारतीय प्रधानमन्त्रीले आफ्नो मुलुकको मात्र नभई छिमेकी देशहरूको पनि आर्थिक उन्नयन अपरिहार्य भएको ठानेर ऊर्जा उत्पादनमा सहकार्य र सहयोगका अवसरको खोजी गर्नुपर्नेमा जोड दिनु प्रशंसनीय विषय हो ।

नेपालको राष्ट्रिय हित एवम् स्वार्थ विपरीत कुनै काम नहुने सार्वजनिक अभिव्यक्तिले शङ्काको खेती गर्नेहरूलाई पनि एकपटक पुनः सोच्न प्रेरित गरेको छ । सुव्यवस्थित रूपमा सीमा व्यवस्थापन गर्न दुवै मुलुकका कार्यदललाई क्षेत्रगत काम चाँडोभन्दा चाँडो प्रारम्भ गर्न निर्देशन दिनुले भारतको विगतको कार्यशैली र सोचमा व्यापक परिवर्तन आएको सर्वत्र महसुस गरिएको छ । मोदी सरकारले आफूसँगै छिमेकीको पनि उन्नयनको चाहना गरेको स्पष्ट हुन्छ । भ्रमणका क्रममा राष्ट्रपति, प्रधानमन्त्री र विभिन्न दलका नेताहरूसँगको भेटमा भारतीय विदेशमन्त्रीबाट त्यही कुरा व्यक्त हुनुलाई सकारात्मक दृष्टिले हेरी विश्वासको वातावरणलाई थप मिल हुन नदिनुमा नै दुवै पक्षको हित निहित रहने छ ।

भारततर्फ हुने नेपालको निकासी प्रवर्द्धन गर्न भारतले वस्तुको उत्पत्तिसम्बन्धी प्रावधान लाई सरल तुल्याउनु पारवहन तथा भन्सारसम्बन्धी प्रक्रियागत कामलाई सरलीकृत गर्दै नेपाली उत्पादनमाथि लगाइएको परिमाणात्मक बन्देज हटाउनुले भारतको सहयोगी भावना मुखरित गरेको छ । जलस्रोतको समुचित उपयोगसँगै नेपालको चौतर्फी विकासमा टेवा दिने ठानिएका पञ्चेश्वर विकास प्राधिकरणको कार्यविधि (टिओआर) लाई अन्तिम रूप दिन र पञ्चेश्वर बहुहेरुपीय आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (डिपीआर) चाँडो पुरा गर्ने, ४०० केभी ढल्केबर-मुजफ्फरपुर 'डबल सर्किट' अन्तर्देशीय प्रसारण लाइन कार्यान्वयन, १३२ केभी कटैया/कुसाहा र १३२ केभी रक्सौल/परवानीपुर प्रसारण लाइन परियोजनाको निर्माण दूत गतिमा अघि बढाउन दुवै देशबीच सहमति हुनुलाई सकारात्मक रूपमा लिइएको छ । समग्रमा भारतीय विदेशमन्त्रीको भ्रमणले दक्षिण एसियाको शान्ति र समृद्धिका लागि नयाँ आशाका किरणका रूपमा देखिएका प्रधानमन्त्री नरेन्द्र मोदीको आगामी आइतबार हुने भ्रमणको आधार तयार गरेको छ ।

सबैबर्षपछि हुन लागेको भारतीय प्रधानमन्त्रीको नेपाल भ्रमणले नेपाल-भारत सम्बन्धका साथै आर्थिक-सामाजिक रूपान्तरणको अभियानमा योगदान गर्नेछ । विश्वव्यापीकरणको वर्तमान युगमा एक अर्कोबाट अलग रहेर कोही पनि प्रगति पथमा अगसर हुन नसक्ने धरातलीय यथार्थलाई स्वीकार गर्दै आपसी सहयोग र सहकार्यबाटै लक्ष्यमा पुग्न सहज हुन्छ । यही वास्तविकतालाई मूर्तरूप दिदै सद्भाव, सहयोग र समर्थनको सन्देश प्रवाह गर्न भारतीय प्रधानमन्त्री नेपाल भ्रमणमा आउन लागु भएको तथ्यमा दुई मत हुन सक्दैन । रासस

अधिकारी दम्पत्ति अन्तिम अवस्थामा

✍गोल्डेन न्यूज संवाददाता
काठमाडौं ११ साउन ।

छोराको हत्यारामाथि कार्वाहीको माग राख्दै अनसनरत अधिकारी दम्पतीलाई वीर अस्पतालले उपचार गर्न नसक्ने भएको छ । गोरखा फुजेलका नन्दप्रसाद र गंगामाया अधिकारीको उपचार खर्च सरकारले दिन छाडेपछि अस्पतालले अब धेरै धेरन नसक्ने जनाएको छ । दम्पत्तिको उपचारमा संलग्न चिकित्सकहरुले अहिलेकै संर्वतिमा "बचाउन नसक्ने" जानकारी दिइसकेको अस्पतालका निमित्त निर्देशक केदार सेन्चुरीले बताए । 'उहाँहरुको अवस्था चिन्ताजनक छ, बेनका नसाहरु बन्द भइसकेका छन्" उनले भने, 'अब धेरै दिन हामी यसैगरी अगाडि बढ्न सक्दैनौं ।" सेन्चुरीका अनुसार चिकित्सकहरुलाई उपचारकै काममा पनि थुप्रै झमेला छन् । "स्लाइन पानी दिंदा थुतेर फयाकने, डाक्टरहरुलाई जथाभावी गाली गलौज गर्ने र औषधि नखाँदा" हैरानी छ । उहाँहरुको शरीरले पनि साथ दिएको छैन । स्लाइन पानी दिन लाग्दा नसा नै भेटिदैन," उनले भने,'उपचारमा परिवारले पनि सहयोग नगरेको बुझिएको छ ।" उपचारै गर्न नपाएपछि स्वास्थ्य सुधार हुन नसकेको सेन्चुरीले बताए । अकोंतर खर्चको समेत अभाव भएपछि वीर अस्पताल प्रशासनलाई के गर्ने भन्ने निर्णय गर्नै हम्मे परेको छ । 'उपचार गरिरहौं, खर्च छैन" उनले भने

***बाँकी अन्तिम पृष्ठमा*.....**

वर्षमा पच्चीस ठूला होटल थपिए

✍गोल्डेन न्यूज संवाददाता
पोखरा ११ साउन ।

गण्डकी धौलागिरि अञ्चलमा आर्थिक वर्ष २०७०/७१ मा २५ वटा ठूला होटलहरु थपिएका छन् भने १० वटा नयाँ होमस्टे संचालनमा आएका छन् । पर्यटन कार्यालय पोखरामा अधिल्लो आर्थिक वर्षमा २५ वटा होटल र १० वटा होमस्टे दर्ता भएको कार्यालयका प्रमुख रुपामबहादुर थापाले जानकारी दिए । थापाका अनुसार २५ वटा होटलमा करिब १२ करोड लगानी रहेको छ । २५ मध्ये २३ वटा पोखरा र २ वटा मुस्ताङमा होटल संचालनमा आएका छन् । ति होटलहरुमा चार सय कोठा र ८ सय बेड क्षमता रहेको छ । पर्यटकीय होटलहरु पर्यटन कार्यालयमा दर्ता हुनु पर्ने अcertain सबै होटल दर्ता हुन नआएको थापाले बताए । पोखरामा मात्रै पर्यटन क्षेत्रमा करिब ७४ अरब लगानी भएको पर्यटन व्यवसायीहरुले बताएका छन् । उनीहरुका अनुसार करिब ३ अरब यस वर्षमात्रै थपिएको बताइन्छ ।

संविधानसभा बाहिरका समूहसंग चारबुँदे सहमति

✍गोल्डेन न्यूज संवाददाता
इलाम ११ साउन ।

संविधानसभा बाहिर रहेका राजनीतिक दल तथा पूर्वी पहाडी जिल्लामा भूमिगत गतिविधि सञ्चालन गरिरहेका सशस्त्र समूहसँग सर्वैधानिक राजनीतिक संवाद तथा सहमति समिति अन्तर्गतको प्रारम्भिक वार्ता उपसमितिले आइतबारदेखि इलाममा वार्ता सुरू गरेको छ । सभासद् आनन्दप्रसाद ढुङ्गानाको संयोजकत्वमा रहेको प्रारम्भिक उपसमितिले आइतबार किरांत जनवादी वर्कस पार्टी (सुमन वान्तवा समूह), जातीय मुक्ति मोर्चा नेपाल, स्टेट लिम्बुवान फोर्स र मञ्च सम्बद्ध सङ्घीय लिम्बुवान राज्य परिषद्सँग वार्ता सम्पन्न गरेको हो ।

वार्तालाई अन्तिम निष्कर्षमा पुऱ्याउने अठोटका साथ दुवै पक्षबीच आपसी विश्वास कायम गर्नेलगायत चारबुँदे सहमतिसमेत भएको छ । यसैगरी उनीहरूले संविधान निर्माण प्रक्रियामा सहयोग पुऱ्याउने प्रतिबद्धतासमेत जनाएका छन् । वार्तामा सहभागी समूहका बन्दी तथा बारेन्ट नेता कार्यकर्तालाई लगाइएको मुद्दाको विवरण, मृतक, घाइते बेपत्ताको तथा हातहतियारसम्बन्धी विवरण उपसमितिलाई उपलब्ध गराउने र उक्त समस्या समाधान गर्न उपसमितिले पहल गर्ने सहमति भएको छ । वार्तामा सहभागी नेता तथा कार्यकर्तालाई बिनाहातहतियार निर्वाध रूपमा हिंडडुल गर्न र शान्तिपूर्ण राजनीतिक क्रियाकलाप गर्न सहयोग पुऱ्याउन उपसमितिले सरकारसमक्ष पहल गर्ने प्रतिबद्धता जाहेर भएको वार्ता टोलीका संयोजक ढुङ्गानाले बताए । वार्ता बिहान १० बजेदेखि इलामको चियाबारी कटेजमा सुरू भएको थियो । "संविधान निर्माण प्रक्रियामा सबैको सहभागिता होस् र संविधान निर्माणपछि आउने अन्तरविरोध कम होस् भन्ने उद्देश्यले सशस्त्र र संविधानसभा निर्वाचनमा भाग लिएका तर संविधानसभामा प्रतिनिधित्व नभएका राजनीतिक दलसँग वार्ता सुरू गरिएको हो"। वार्ता टोलीका सहजकर्ता रविन कोइरालाले भने । "विगतमा सशस्त्र आन्दोलन गरियो, तर अहिले शान्तिपूर्ण तवरले सम्मानजनक उपस्थिति मात्र खोजेका छौं"- वार्तामा सहभागी किरांत जनवादी वर्कस पार्टी (सुमन वान्तवा समूह), खम्बुवान मुक्ति मोर्चा, किरांत जनवादी वर्कस पार्टी विद्रोही समूह, सङ्घीय लिम्बुवान राज्य परिषद् (सञ्जुहाङ पालुङवा पक्ष), स्टेट लिम्बुवान फोर्सलगायत आठवटा समूह र राजनीतिक दल सहभागी भएका छन् ।

जिशिअविरुद्ध मुद्दा दायर

✍गोल्डेन न्यूज संवाददाता
काठमाडौं ११ साउन ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगले सरकारी कोषबाट प्राप्त भएको रकम झोले विद्यालयको नाममा खर्च गरेको भन्दै सलांहीका तत्कालीन काम् जिल्ला शिक्षा अधिकारीसहित तीन जनाविरुद्ध आइतबार विशेष अदातमा मुद्दा दायर गरेको छ ।

आयोगले सलांही भाड्सार-४ मा हुँदै नभएको विद्यालयलाई सामुदायिक प्राथमिक विद्यालयको नाममा आव २०६६/६७ देखि २०७०/२०७१ सम्म रु १६ लाख ८८ हजार ९७९ हिनामिना गरेको उपसन्धानबाट खुलेको जनाएको छ । सो कार्यमा तत्कालीन काम् जिल्ला शिक्षा अधिकारी हेमन्तकुमार सिंह, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष ललिता यादव र प्रधानाध्यापक जयनारायण यादव सहुलग्न रहेको पाइएको छ ।

उनीहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ बमोजिम हदैसम्मको सजायको माग दावी गरिएको आयोगको विज्ञप्तिमा जनाइएको छ ।

विमानस्थलका लागि विशेष पहल गर्न आग्रह

✍गोल्डेन न्यूज संवाददाता
पोखरा ११ साउन ।

नेपाल राष्ट्रिय पर्यटन व्यवसायी संगठन, पश्चिमाञ्चल क्षेत्रिय कमिटी पोखराले चार दशक अधिदेखि थाती रहेको राष्ट्रिय गौरवको योजनाको रुपमा रहेको पोखरा क्षेत्रिय अन्तर्राष्ट्रिय विमानस्थलको थप जरुरी अधिग्रहणमा विशेष पहल गर्न प्रमुख जिल्ला अधिकारी कृष्ण बहादुर राउतलाई आग्रह गरेको छ । आइतबार कमिटीका अध्यक्ष गोविन्दराज पहारी, राष्ट्रिय कमिटीका उपाध्यक्ष वासुदेव त्रिपाठी लगायतको टोलीले प्रजिअ राउतलाई छिटो भन्दा छिटो आपसी सहमतिमा टुङ्याई विमानस्थल निर्माणको वातावरण बनाउन माग गरेका थिए ।

प्रमुख पर्यटकीय आवास क्षेत्रको रुपमा रहेको लेकसाइड र ड्याम साइडका ८० प्रतिशत डिस्को, क्लबहरु साउण्ड पुफ भएता पनि केहीले हालसम्म पनि आफूलाई त्यो दायरामा नल्याएको उल्लेख गर्दै स्मरणपत्रमा डिस्को क्लबहरुलाई साउण्ड पुफ गरी ध्वनी प्रदूषणलाई पूर्ण रुपले नियन्त्रण गर्न माग गरिएको छ ।

"सन् १९९८ बाट संचालनमा रहेको देशकै एक मात्र पर्यटक बस पार्कलाई सुविधा सम्पन्न गराई पर्यटन व्यवसायीहरुकै संलग्नतामा सञ्चालन गर्नु पर्नेमा गैरपर्यटन क्षेत्रलाई ठेक्कामा लगाई विगतको सहमती कार्यान्वयन नहुने अवस्था आएको छ" स्मरण पत्रमा भनिएको छ "सो पर्यटक बस पार्कलाई पर्यटन क्षेत्रकै सक्रियतामा निर्वाध रुपमा सञ्चालन गरी स्तरोन्नती गर्नु आवश्यक छ ।" पोखरा-जोमसोम लगायतका क्षेत्रमा पर्यटक सावरीहरुलाई निर्वाध रुपमा सञ्चालन हुने व्यवस्था मिलाउन माग गर्दै कमिटीले फेवा लगायतका तालहरुको वातावरण संरक्षण तथा अतिक्रमणलाई नियन्त्रण गर्नुपर्ने माग गरेको छ । सराङकोट, स्तुपा लगायतका दृश्यावलोकनका स्थान र लेकसाइड लागयतका स्थानमा रहेका होटलहरुमा हुने चोरी, लुटपाट जस्ता गतिविधिलाई नियन्त्रण गरी पर्यटकहरुको सुरक्षामा विशेष ध्यान पुऱ्याउन समेत समितिले प्रमुख जिल्ला अधिकारी राउतलाई ध्यानाकर्षण गराएको छ । कमिटीले देशको महत्वपूर्ण कास्की जिल्ला तथा प्रमुख पर्यटकिय गन्तव्यको रुपमा रहेको पोखरा र आसपासको क्षेत्रमा शान्ति सुरक्षा र अमनचयनको वातावरण निर्माणमा विशेष ध्यान दिन समेत आग्रह गरेको छ । सो अवसरमा कमिटीका अध्यक्ष गोविन्दराज पहारीले प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर राउतलाई खादा ओढाएर सम्मान समेत गरेका थिए ।

जि.एम.सि. टिचिङ हस्पिटलमा निःशुल्क सेवा
यस जि.एम.सि. टिचिङ हस्पिटल (गण्डकी मेडिकल कलेज) पोखराले ICU/NICU सहितको ४५ बेड क्षमताको अति संवेदिशल कक्ष विस्तार, ३७ बेडको नयाँ क्याविन सञ्चालन तथा ५३५ शैयाको अस्पताल विस्तार गरेको अवसरमा यहि श्रावण १ गतेदेखि श्रावण मसान्तसम्म तपशिलका सेवाहरु निःशुल्क गरिएको हुदा मौकाको फाईदा लिन हुन अनुरोध छ ।

निःशुल्क सेवाहरु :
❖ओ पि डि दर्ता शुल्क ❖जनरल वेड शुल्क
❖अपरेशन शुल्क ❖गर्भवती जाँच तथा प्रसुति सेवा
अस्पताल प्रशासन
जि.एम.सि. टिचिङ अस्पताल
नयाँबजार, पोखरा, फोन : ०६१-५३८५४५, ५५०२५३

तयारी कक्षा
कृषि विकास बैंकद्वारा लिइने व्यवसाय सहायक तथा लेखापाल द्वितीयस्तरको परीक्षाको लागि उपयुक्त किताव तथा तयारी कक्षाको लागि शीघ्र सम्पर्क राख्नुहोस् ।
Orginal Tally Sofrware
चाहिएमा सम्पर्क गर्नुहोस् ।
नोट : Tally सम्बन्धी समस्याको समाधान तथा तालिमको व्यवस्था ।
Contact :
MATCOSC
Mahendrapool, pokhara (Tika Bhawan)
Ph. no: 061-540297, 9846412676
Email:Matcosc2011@gmail.com, URL:www.Matcosc.com.np

जिरो प्वाइन्ट ट्राभल्स एण्ड टुर्स प्रा.लि.
Zero Point Travels & Tour (P.) Ltd.

Specially International Tickting & Domestice Ticket
अन्य सेवाहरु :
■ Internation & Domestice Hotel Booking
■ Helicopter Charter
■ Touriest Bus Ticket and other Travels.
Mr. Chetan Karki
Zero Point Travels & Tours (P.) Ltd.
Nagdhunga, Pokhara-9, Nepal
Phone : +97761-526004, 9856031455, 9846065544
Fax : +97761-526004
Email : zeropointtravels@yahoo.com
Travelzeropoint@gmail.com
Website : www.zeropointravel.com.np

■ परिश्रम गर्ने र प्रतिक्षा गर्ने सिक ।

- लङ्गफेलो

सम्पादकीय . .

महत्वपूर्ण बनोस् मोदीको भ्रमण

भारतीय विदेशमन्त्री सुष्मा स्वराज नेपालको तीन दिने औपचारिक भ्रमण सकेर स्वदेश भारत फर्किएकी छिन् । विभिन्न आशंकाका बीच पनि उनको भ्रमणले हेकी आशा जन्माएको छ । स्वराज ले भ्रमण सकेर स्वदेश फर्किपनि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले नेपाल भ्रमण आगामी साता गर्दैछन् । भारतीय प्रधानमन्त्रीको भ्रमण अगाडि भारतीय परराष्ट्र मन्त्री सुष्मा स्वराजले नेपाल र भारत बीचको सम्झौता विषयमा व्यापक छलफल गरेका छन् । प्रधानमन्त्री भ्रमणलाई सफल बनाउन मन्त्रीस्तरको बैठक नेपालमा २३ वर्षपछि भएका छन् । मन्त्री स्तरको बैठकमा जलस्रोत, उर्जा, कृषि, व्यपार लगायतको विषयमा दोहोरो सम्झौता भएका छन् । नेपाल र भारत बीचको वर्षौदेखिको सम्बन्धलाई सुदृढ बनाउनका लागि भारतीय मन्त्री सुष्मा स्वराज राजधानीको उच्चस्तरीय बैठकमा सहभागीता हुनु भएको थियो । परराष्ट्रमन्त्री स्तरको बैठकले भारत र नेपाल बीचको बीपी सम्झौता लगायतका विषयमा व्यापक छलफल र बहस गरेका छन् । भारतीय पूर्व प्रधानमन्त्री मनमोहन सिंह पनि नेपालमा आउने प्रयास गर्दा गर्दै नेपाल भ्रमणमा आउन सकेन । सुरक्षाको विषयका कारण नेपालमा भारतीय प्रधानमन्त्री आउन हिच्किचाइरहेका छन् । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको भ्रमणले दुई देश बीचको आन्तरिक र बाह्य सम्बन्ध सुदृढ हुने विश्वास लिएको छ । विश्वको दोस्रो देशको रुपमा शक्तिशाली मानिएका भारतको प्रधानमन्त्रीको आगमनले नेपालको राजनीतिकमा नयाँ आयाम हुने विश्वास लिएको छ । पूर्व परराष्ट्र विज्ञहरुका अनुसार भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको सपथ ग्रहणले नयाँ श्रृंखलाको विकास गरेका छन् । भारतीय परराष्ट्र मन्त्री सुष्मा स्वराजले मन्त्री स्तरीयको बैठक लगत्तै राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री सुशिल कोइराला, संविधान सभा अध्यक्ष लगायत पार्टीका वरिष्ठ नेताहरुसँग भेटघाट गरेका थिए । भारतीय परराष्ट्रमन्त्री स्वराजले सुरक्षा सम्बन्धी पनि जानकारी लिनु भएको थियो । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको भ्रमणका लागि कडा सुरक्षा व्यवस्था मिलाउने प्रबन्ध उपप्रधान तथा गृहमन्त्री बामदेव गौतमलाई जिम्मा दिएका छन् । विगत २३ वर्षपछि नेपालमा भारतीय प्रधानमन्त्रीको भ्रमण हुने भएको छ । भारतीय कयौ वरिष्ठ नेताहरुको नेपाल आवतजावत भएतापनि भारतीय प्रधानमन्त्रीको आगमन दुई दशक पछि भएको छ । नेपालमा नेपाली कांग्रेसको नेतृत्वमा सरकार बनेपछि भारतीय प्रधानमन्त्रीले आगमन भएको छ । नेपाल र भारत बीचको पारस्परिक राजनीतिक सम्बन्ध, आर्थिक विकास, सामाजिक लगायतका विषयमा सम्बन्ध सुदृढ हुने विश्वास लिएको छ । आगामी १८ र १९ गते भारतीय प्रधानमन्त्रीको आगमन हुने भएका छन् । प्रधानमन्त्री मोदीको भ्रमणले नेपालको राजनीतिक वृत्तमा नयाँ तरङ्ग पैदा भएको छ । मोदीले राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख र पार्टीका वरिष्ठ नेताहरुसँग विशेष भेटघाट गर्नेछ । यसकममा नेपाल सरकार, राजनीतिक दलका नेताहरु सबैले नेपालको विकासमा भारतले खेल्ने भूमिकाका बारेमा खुलेर बहस गर्ने हिम्मत गनुपर्छ ।

आजको पञ्चाङ्ग

आज मिति २०७१ साल श्रावण १२ गते सोमबार, तदनुसार जुलाई २८ सन् २०१४, श्रीशाके १९३६, नेपाल संवत् ११३४, प्लवङ्गनामक संवत्सर, सूर्य पृथ्वीको दक्षिणी गोलार्द्धमा प्रवेश गरिसकेका छन् । वर्षा ऋतु चल्दै छ । चान्द्रमास अनुसार श्रावणशुक्लपक्ष चलिरहेको छ । शौरमास अनुसार आज श्रावणशुक्लपक्षको द्वितीया तिथि ५८ घटि ५६ पला अर्थात राति ४ बजेर ५९ मिनेटसम्म त्यसउप्रान्त तृतीया तिथि लाग्नेछ । आज सूर्य कर्कट राशिमा रहेको छ भने चन्द्रमा कर्कट राशिमा अहोरात्र रहनेछ । आज दिनमान ३३ घटि ४१ पलाको रहनेछ । आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ५ बजेर २५ मिनेटमा मैत्र मुहूर्तमा भैसकेको छ भने सूर्यास्त साँझ ६ बजेर ५४ मिनेटमा हुनेछ ।

आजको राशिफल

मेष : मानसिक पीडा थपिने,आम्दानीमा गिरावट हुनेछ, साथीभाईसंग मनमुटाव, शत्रुहरु सक्रिय हुनेछन् ।

वृष : मानसिक शान्ति मल्ने, नयाँ ठाउँको भ्रमण, आफ्नै पेशाप्रति सन्तुष्टि, सबै काम सजिलै सम्पन्न हुनेछन् ।

मिथुन : गरेको प्रयास अर्थहिन, नकारात्मक सोचाइ बढ्ने, पारिवारिक कलहमा वृद्धि हुनेछ सर्तक रहनुहोला ।

कर्कट : आम्दानीमा वृद्धि, आफ्नै पेशाप्रति असन्तुष्टि, मिष्ठान्न भोजन प्राप्ति, हराएको वस्तु फेला पर्ने सम्भावना छ ।

सिंह : छोराछोरीबीच विवाद दिर्घरोग देखा पर्ने, दिन अत्यन्तै नराम्रो छ सर्तक सर्तक हुनुहोला ।

कन्या : आफ्नै मान्छेबाट धोका, यात्रामा सावधानी अपनाउनु पर्ने, दिन खराब रहनेछन्, जोगिनु होला ।

तुला : आदरसत्कार पाइने, पारिवारिक सहयोग मिल्ने, नयाँ क्षेत्रमा लगानी गर्दा मनस्य आम्दानी हुनेछ दिन शुभ छ ।

वृश्चिक : धन हराउन सक्ने, स्वास्थ्यमा गडबढी, प्रेममा धोका हुन सक्ने दिन खराब छ सर्तक हुनुहोला ।

धनु : आफन्तले कुरा काट्नेछन्, आटेको कार्य अधुरा, नयाँ कार्यमा लगानी गर्ने योजना विफल हुनेछन् ।

मकर : चोटपटकको भय, दिनभर नैराश्यता हुने, व्यापार व्यवसायमा मन्दी, मनमा अशान्ति छाउनेछ ।

कुम्भ : पढाईमा लगनशीलता, धार्मिक क्रियाशीलता बढ्ने, राजनैतिक क्षेत्रमा सफलता, टाढाको मित्र संग भेटघाट ।

मीन : टाढाबाट धन प्राप्ति, सामाजिक क्षेत्रबाट सम्मान, धार्मिक सक्रियता बढ्नेछ समय राम्रो छ ।

राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९

सिर्जनशील लोकतान्त्रिक प्रतिष्ठानमा पुस्तक चर्चा

गोल्डेन न्यूज संवाददाता
पोखरा ११ साउन ।

सिर्जनशील लोकतान्त्रिक प्रतिष्ठान पोखराको नियमित मासिक कार्यक्रम अन्तर्गत शनिवार पुस्तक परिचर्चा कार्यक्रम सम्पन्न भयो । संस्थाका संस्थापक अध्यक्ष एवम् सह-प्राध्यापक तथा लोक साहित्यकार हुमकान्त पाण्डेद्वारा लिखित, सङ्कलित तथा सम्पादित लोक साहित्यका दुई पुस्तक 'मागल' र 'लोक वाद्यमयका कोसेली' लोक साहित्यका मौलिक एवम् दुर्लभ कृतिका रुपमा बाहिर आएका छन् । विशेष गरी माइग्लिक कार्य अर्थात् संस्कार (सन्तान जन्मँदा, छैठी, न्वारन, विवाह बतबन्ध आदि) विशेषमा गाइने मागल गीतलाई दैवी शक्ति वा देवताको कर्म मानिन्छ । नेपाली, मैथिली, भोजपुरी बज्जिका, अवधि लगायतका भाषामा मूल रूपमा गाइने मागल भगवान नारायणको प्रयत्नद्वारा सर्वप्रथम स्वर्गबाट पृथ्वीमा ल्याइएको जनविश्वास पाइन्छ । मागल उत्पत्तिको गाथा पुरुषसँग जोडिए पनि गाउने काम प्रायः नारीले गर्छन् र यो लामो लयका साथ नेपालका सुदूर पश्चिमी जिल्लाहरु (डोल्पा, दार्चुला, जुम्ला, बझाड आदि) मा गाइने परम्परा छ । यस विषयमा 'मागल' मा विस्तृत उल्लेख पाइन्छ भने लोक 'वाद्यमयका कोसेली' पुस्तकमा लोकगीत, वाली, छुट्किली भारत, पडेली, जुम्ली उखान आदिको सङ्कलन र चर्चा गरिएको छ ।

कृतिका टिप्पणीकारद्वय प्राध्यापकहरू हरि कुमार ओझा र जगन्नाथ रेग्मीले दुवै पुस्तक लोक साहित्यका धरोहर भएका र अब समालोचकका लागि कृति मूल सामग्री बन्न सक्ने ठोकुवा गरे । कार्यक्रममा प्रा.डा.शर्वराज आचार्य, उपाध्यक्ष दीपेन्द्र पराजुली तथा सदस्यहरू विष्णुप्रसाद शर्मा, श्रीराम घिमिरे, भूमिराज वस्ताकोटी, भोलानारायण रेग्मी, सुरज पौडेल लगायतले पुस्तकका बारेमा समीक्षा गरेका थिए । पाण्डेका यस अघि पनि हुम्लाको लोक साहित्य (२०५८) कर्णालीका लोककथा (२०७०) लगायतका कृति प्रकाशित छन् । संस्थाका अध्यक्ष प्रा.डा. विष्णुप्रसाद पौडेलको अध्यक्षतामा भएको उक्त कार्यक्रमको सञ्चालन डा.शालिकराम सुवेदीले गरेका थिए ।

सुन्दर टोलविकास संस्थाको साधारणसभा

पोखरा ११ साउन ।(गोल्डेन)

पोखरा उप-महानगरपालिका - १४वि. पि. मार्ग स्थित सुन्दरटोल विकास संस्थाको प्रथम साधारणसभा एवं अधिवशन तथा समाजघर उद्घाटन कार्यक्रम सम्पन्न भएको छ । सुन्दरटोल विकास संस्था तर्दथ समिति अध्यक्ष बलराम लामाको अध्यक्षतामा भएको औपचारीक कार्यक्रम प्रमुख अतिथि समाजसेवी बिमल बस्यालले उद्घाटन गरेका थिए । साधारणसभाको अवसरमा टोलमा नर्वानिर्मित समाजघरको उद्घाटनका साथै वृक्षारोपण कार्यक्रम पनि गरिएको थियो । माधव न्यौपानेले संचालन गरेको कार्यक्रममा नेपाली कांग्रेस वडा नं १४का सभापति बोधराज बराल, ने.क.पा.एमाले वडा कमिटी अध्यक्ष बल बहादुर सेन्चुरी, समावेशी टोल विकास संस्थाका अध्यक्ष माधव बराल, पत्रकार एल.पी. बन्जारा, समाजसेवी अमृत कार्की लगायतले मन्तव्य राखेका थिए । उनीहरुले आफ्नो टोलको विकासमा आफै लाग्नु पर्नेमा जोड दिए र भविष्यमा सुन्दरटोलाई आवश्यक सहयोग गर्ने प्रतिबद्धता समेत जनाएका थिए । कार्यक्रममा टोल विकासका लागि अतिथि र टोलबासीहरुले स्वेच्छिक रुपमा सहयोग गरेका थिए । दोस्रो चरणको बन्द सत्र कार्यक्रममा टोल विकास संस्थाको तर्दथ समिति भङ्ग गरी नयाँ कार्य समिति पनि गठन गरिएको थियो । समस्या अध्यक्ष बलराम लामा, उपाध्यक्ष पूर्ज बहादुर भुजेल, सचिव मनोज कुमार थापा, कोषाध्यक्ष फाँडिन्द्रमान वि.क, सह-सचिव माधव न्यौपाने, सदस्यहरु, माया वि.क., निला गुरुङ र सल्लाहकारमा दुर्गा प्रसाद अधिकारी, जिते तमाङ आगामी दुई वर्ष कार्यकालको लागि चयन भएका थिए ।

रामबजार युथ क्लवको अध्यक्षमा डिलु गुरुङ

पोखरा ११ साउन ।(गोल्डेन)

पोखराको रामबजार युथ क्लवले डिलु गुरुङ(थिङ्गा)को संयोजकत्वमा महिला विभाग (वमेन बीङ्) गठन गरेको छ । समितिको सह-संयोजकमा स्वेच्छा वि.क, सदस्य सचिवमा ऋतु लामा रहेका छन् भने सदस्यहरुमा लक्ष्मी गुरुङ, सुमित्रा नेपाली, स्वेता वि.क, सोनु सुनार, रञ्जना थापा, विमला थापा, नेहा पुन र सिमा सुनार रहेका छन् । विभागको सल्लाहाकारमा क्लवका अध्यक्ष तिलबहादुर गुरुङ, सचिव खगेन्द्र क्षेत्री र कोषाध्यक्ष कुमार लामा थिङ्गा छन् । क्लवमा आवद्द महिलाहरुको क्षमता अभिबृद्धि तथा नेतृत्व विकासका लागि कार्यक्रमहरु अघि बढाउने उद्देश्यले सो विभाग गठन गरिएको सचिव खगेन्द्र क्षेत्रीले जानकारी दिए । यसैबीच, रामबजार स्वर्ण जयन्तीको अवसरमा महिला विभागले आफ्नो पहिलो कार्यक्रम अन्तर्गत युवाहरुलाई लक्षित गरी मोटिभेसनल वर्कसप गरेको छ । कार्यक्रममा एक सय २० जना युवाहरुको सहभागिता रहेको थियो । सो कार्यक्रममा सकारात्मक सोच, नेतृत्व विकास, सामुहिक भावना लगायतका विषयमा प्रशिक्षण दिइएको थियो । त्यसअवसरमा संचारकर्मी दीपेन्द्र श्रेष्ठ, शिक्षासेवी तारानाथ पाखे, हरियो खर्क अस्पतालका परामर्शदाता चेतप्रसाद अधिकारी र क्लवका अध्यक्ष तिलबहादुर गुरुङले विविध विषयमा प्रशिक्षण दिएका थिए । कार्यक्रममा ज्ञानज्योती पुस्तकालयका अध्यक्ष निरज थापाले महिला सशक्तिकरण का लागि महिलाहरु नै अघि बढेको भन्दै प्रशंसा गरे । क्लवका सचिव खगेन्द्र क्षेत्रीले महिला विभागले उदारुपीय काम गरेको उल्लेख गर्दै रामबजार स्वर्ण जयन्ती महोत्सवलाई सहयोग गर्न आग्रह गरे । महिला विभागकी संयोजक डिलु गुरुङ (थिङ्गा) को अध्यक्षतामा सम्पन्न कार्यक्रममा सदस्य सोनु सुनारले स्वागत र सदस्य सचिव ऋतु लामाले कार्यक्रम संचालन गरेकी थिईन् ।

सडकको दायाँबायाँ वृक्षारोपण

पोखरा ११ साउन ।(गोल्डेन)

पारिस्थितिकीय प्रणालीमा आधारित अनुकुलन कार्यक्रम अन्तर्गत कास्कीको भदौरेमा वृक्षारोपण गरिएको छ । वडा नं. ६ दमदमेको बनपुल सामुदायिक बनमा सडकको दायाँबायाँ करिब डेढ किलोमिटरमा वृक्षारोपण गरिएको हो ।

स्थानीय आमा समूहको अगुवाईमा भएको सो वृक्षारोपणमा करिब २ हजार अमिसो रोपिएको आयुसीन नेपाल इडीए कार्यक्रमका फिल्ड सुपरभाईजर ज्ञानेन्द्र सुवेदीले जानकारी दिए । पशुपालनका साथै सरसफाईमा प्रयोग गरिने कुचोमा समेत उपयोग गरिने भएकाले अमिसो रोपिएको स्थानीय आम समूहकी अध्यक्ष दरकुमारीले बताए । बायो इन्जिनियरिङकी अवधारणामा आधारित यस प्रकारको कार्यक्रमले वर्षायाममा ग्रामीण सडकमा हुने पहिरो नियन्त्रण र सडक हराभरा हुन महत्वपूर्ण सहयोग पुग्ने विश्वास गरिएको छ । साथै फेवातालको महानमा गरिएको सो वृक्षारोपणले फेवातालमा वर्षेनी बढ्दै गएको माटो नियन्त्रणमा सहयोग पुग्ने सुपरभाईजर सुवेदीले बताए । वृक्षारोपण कार्यक्रममा हर्पनकोट माविका इको क्लवका विद्यार्थीहरुको सहभागिता रहेको थियो ।

न्यूरोड रोटरी र बाबा फाउडेसनको वृक्षारोपण अभियान

पोखरा ११ साउन ।(गोल्डेन)

रोटरी क्लव अफ पोखरा न्यूरोड, रोटऱ्याक्ट क्लव अफ न्यूरोड पोखरा र बाबा फाउण्डेसन नेपालको संयुक्त आयोजनामा वृक्षारोपण कार्यक्रम गरियो । रोटरी डिष्ट्रिक ३२९२ को वार्षिक योजना तथा रोटरी क्लव अफ पोखरा न्यूरोडको वार्षिक कार्यक्रम अनुसार पोखरा ११ मा रहेको शिवशक्ति उच्च माबि र पोखरा ७ मासवारमा रहेको श्रीकृष्ण माविको हातामिश्र वृक्षारोपण गरिएको हो ।

छुट्टाछुट्टै विद्यालयमा आयोजित उदघाटन कार्यक्रममा कार्यक्रमका सभापति रोटरी क्लव अफ पोखरा न्यूरोडका अध्यक्ष दीलिपराज श्रेष्ठले रोटरीले शिक्षा, स्वास्थ्य र वातावरणको क्षेत्रमा विश्वभरि कार्यक्रम गरिरहेको प्रसंग उल्लेख गरे । साथै रोटरीले नेपालमा सन् २०१७ सम्म नेपाल सरकारसँग सहकार्य गरी साक्षर नेपालको अभियान सञ्चालन गरिरहेको र विद्यालयमा गरिएको वृक्षारोपण कार्यक्रमले वातावरण क्षेत्रका साथसाथै गर्दै गुणस्तरीय शिक्षाको अभियानमा समेत साथ दिने बताए । त्यस्तै रोटऱ्याक्ट क्लव अफ न्यूरोड पोखराका अध्यक्ष सञ्जिव पौडेलले रोटरी अभियान, रोटऱ्याक्ट र वृक्षारोपण कार्यक्रमको महत्वका बारेमा आफ्ना धारणा राखे । यसैगरी कार्यक्रमका संयोजक रोटरी क्लव अफ पोखरा न्यूरोडमा उपाध्यक्ष दुवराज वास्तोलाले कार्यक्रमको उद्देश्य माथि प्रकाश पारे । शिवशक्ति माविमा भएको कार्यक्रमका अवसरमा शिवशक्ति माबि विद्यालय व्यवस्थापन समितिका अध्यक्ष माधव प्रसाद वास्तोला, प्राचार्य शम्भुराज वास्तोलाले आफ्ना धारणा राखेका थिए । यसैगरी श्रीकृष्ण माविमा भएको कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष दण्डराज शर्मा, प्राचार्य केदारनाथ अधिकारीले रोटरी अभियानलाई धन्यवाद दिए ।

गौरीशंकर मनिलाल स्कूललाई सहयोग

पोखरा ११ साउन ।(गोल्डेन)

ल्वाङ्घलेल ७ स्थित गौरीशंकर मनिलाल उच्च माविमा एक कार्यक्रमको आयोजना गरी विद्यालयमा इन्टरनेटल संचालनार्थ ३ लाख सहयोग प्रदान गरिएको छ । युके निवासी मिनबहादुर गुरुङ र शारदा गुरुङको सकियतामा युके स्थित नेपालीहरुबाट संकलित रकम रु.२ लाख ५० हजार र मिनबहादुर र शादार गुरुङको तर्फबाट रु.५० हजार गरी ३ लाख रुपैयाँ उक्त कार्यक्रम विद्यालय व्यवस्थापन समिति अध्यक्ष र प्रधानाध्यापकलाई एक कार्यक्रमको आयोजना गरी हस्तान्तरण गरेका थिए । कार्यक्रममा सहयोगदाता मिनबहादुर गुरुङले भविष्यमा समेत आवश्यक सहयोग गर्ने वचन व्यक्त गर्दै आफू भूपू विद्यार्थी भएको र ब्याचको नाउँमा रहेको यस विद्यालयमा इन्टरनेट सेवा विस्तारका लागि रु.७ लाखभन्दा बढीको कार्यक्रम ल्याउने प्रतिबद्धता समेत व्यक्त गरेका थिए । उक्त अवसरमा भूपू प्र.अ.तथा ल्वाङघलेल गाविसका पूर्व अध्यक्ष गनबहादुर गुरुङ, विद्यालय व्यवस्थापन समिति अध्यक्ष एवं समाजसेवी रामहरि गुरुङ, सहयोगदाता शारदा गुरुङ लगायतले प्राप्त सहयोगलाई यथोचित सदुपयोग गर्ने र विज्ञान प्रयोगशाला तथा छात्रवृत्तिका लागि समेत सहयोगको लागि पहल गर्ने बताएका थिए ।

घर विक्रीमा
गण्डकी अस्पताल, माटेपानी, शितलादेवी, फूलबारी, ढिकालेथर वरपर घर-घडेरी चाहिएमा ।
सम्पर्क: ९८०६७९१६८०
९८१४१४४३४३

तुरुन्त खानेपानी चाहिएमा
मेनेजर: ९८४६५२४७७७
अफिस: ०६१ -४६६४७९
ट्याङ्कर: ९८४६५२४७०८
मिनरल वाटर: ९८४६५२४७०६
जारपानी: ९८४६५२४७०५
डीप रक वाटर सप्लायर्स
मितेरी गार्डे-१५, पोखरा

निःशुल्क कम्प्युटर तालिम
यस Green plus को सहयोगमा Informatics & High Mount computer इन्टिच्यूटमा निःशुल्क कम्प्युटर शिक्षा संचालन भैरहेको छ । (छोटोमा नपरेकालाई १० प्रतिशत छुट दिइएको छ ।
Informatics computer
सृजनाचोक, पोखरा-८
061-229471(UTL), 9846041617
High Mount computer
विल्प्रवासिनी, पोखरा-३
061-527435, 9846566480

खानेपानी चाहिएमा
मिनरल वाटर र जार पानी चाहिएमा हामीलाई सम्पर्क गर्नुहोला ।
सम्पर्क
भद्रकाली सप्लायर्स
काहुँलीचौक, बार्बा-१,
फोन : ०६१-५३९०६०
९८५६०३७६६६

सटर भाडामा
भुईतलाको २ सटर होलसेल तथा खुद्रा बिक्रेताका लागि अति उपयोगी
स्थान : कुमारी बैंकको ठीक पछाडि, मेन लाइनमा पर्ने
सम्पर्क: ९८५६०३६९५१
९८४६१२६९५१

सुनौलो एफएममा ज्योतिष जागरण
प्रत्येक मंगलबार बिहान ठीक ८:३० बजेदेखि ९:३० बजेसम्म सुनौलो एफएम १०२.२ मेगाहर्जमा ज्योतिष जागरण कार्यक्रम सुन्न नभुल्नुहोला ।
सुझावका लागि :
वरिष्ठ ज्योतिष भविष्यवक्ता डा.बलराम उपाध्याय रेग्मी ।
मोवाइल : ९८५६०३०९१४

घडेरी विक्रीमा
पोखरा-४, रैझापाटबाट तेर्सापट्टी निस्कने भित्रि पिच बाटोमा ६६ हात मोहडा र ४२ हात पिछाड भएको घडेरी विक्रीमा छ ।
नोट : दुक्रा गरेर पनि विक्री गर्न सकिनेछ ।
सम्पर्क: ९८४६०७६६००
९८१६७०४३७०

चाया, पोतो र डण्डिफोर Bye Bye
चाया, पोतो, डण्डिफोर र मखियालाई एक हप्तामा नै हटाइनुका साथै गोरोपना बढाइने
यही Orginal Korean Cosmetic Product पाइन्छ ।
साथमा मोटोपन घटाउने र बढाउने पनि ।
कपाल झर्न रोक्ने, उमार्ने Hair building fiber.
सेतो कपालालाई ५ मिनेटमा नै कालो बनाउने
महिनामा ने १-३ इन्च हाइट बढाउने Step-Up.
चाउरिपना हटाउने
प्लास्टिक उपचार
Skin Test गरिन्छ ।
Breast घटाउने बढाउने...पेटमा भएको सेतो धर्सा हटाउने ।
थाहै नदिई जाड, रक्सीका साथै चुरोट, सुर्ती, केही दिनमा नै छुटाइने ।
ढाड, कम्मर, हात खुट्टाका जोर्नीहरुको दुखाइ कम गर्ने
नेपालकै नं. १ Aloevera Juice हामीकहाँ पाइन्छ ।
बिहानी ब्युटी ट्रेडर्स
चिप्लेढुङ्गा, पोखरा-४, फोन: ४८४६१५४१८८, ०६१-५२४४५४
(मल्ल इम्पोरियमको अगाडि डा कम्प्लेक्स भन्दा ईई घर तल)

"रंगहरूको अन्तिम गन्तव्य"
आकर्षक एवं विश्वसनीय रंगरोगनका लागि सम्झने पर्ने पसल
योर्स ट्रेड कर्नर्स
सर्वसूलभ तथा गुणस्तरीय सेवाको लागि हामीलाई सम्झनुहोस् !
फोन : ०६१-४३०१६४, मो. ९८५६०३०९८७, ९८४६३३६३५१
अमरसिंहचोक, पोखरा, कास्की
डिलर: एशियन पेन्ट
नेपालमा सर्वाधिक रुचाईएको पेन्ट

विदेश जानेहरुका लागि सुवर्ण अवसर
दुबई र कतारको Group-4 Security कम्पनीहरुमा जान चाहनेहरुलाई सस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गाई तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु निःशुल्क संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।
हाम्रा विशेषताहरु :-
शतप्रतिशत उत्तीर्ण गराउन सफल
आफ्नै मेनपावर कम्पनीबाट प्रोसेस गराईने ।
१ वर्षमा ३ सय भन्दा बढी सेक्युरिटी गार्डमा पास गराउन सफल
अन्तरवार्ता भइरहेको छ ।
सम्पर्क | फेवा सेक्युरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.
